अनुसुची - १६

(दफा ३१ को उपदफा (२) सँग सम्बन्धित)

## वन पैदावार लिलाम बिक्रीको विस्तृत सुचना

**श्री मैनापोखरी सामुदायिक वन उपभोक्ता समुह,**

घोडाघोडी न.पा. ०८, कैलाली

**काठ/दाउरा बोलपत्रद्धारा बिक्री सम्बन्धि विष्तृत विवरण सहितको सुचना**

प्रथम पटक सुचना प्रकाशन मिती २०८१/०४/२२

यस सामुदायिक वन उपभोक्ता समुहको वनबाट उत्पादित गोलिया काठ आ.व. २०८०/०८१ मा नियमानुसार संकलन गरि समुहको घाटगद्दीमा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सुचना प्रक्षेपण राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितीले २१ दिन भित्र सिलबन्दीको बोलपत्र खरिद गरि २२ दिनमा बोलपत्र दर्ता गर्न आह्वान गरिन्छ ।

तपसिल

१) वन पैदावारको विवरण :-

| वन पैदावारको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | जात | ग्रेड | गोलिया थान | काठको परिमाण (घ.फि.) | न्यूनतम मूल्य (रु.) | संकलन खर्च | कैफियत |
| १ | अस्ना | A | ८७ | २२८६.६६ | ९१४६६४.०० | काठ प्रति क्यु. फि. रु. १५०।०० र दाउरा प्रति चट्टा रु. ७५००।०० | |
| | | B | ७४ | ९१३.९५ | २७४१८५.०० | | |
| | | C | ६२ | ३५३.११ | ३५३११.०० | | |
| | | जम्मा | **२२३** | **३५५३.७२** | **१२२४१६०.००** | | |
| २ | जामुन | A | ४ | ५९.५७ | २३८२८.०० | | |
| | | B | ९ | ८७.२५ | २६१७५.०० | | |
| | | C | १७ | ८६.०० | ८६००.०० | | |
| | | जम्मा | **३०** | **२३२.८२** | **५८६०३.००** | | |
| ३ | हल्दु | A | ६ | १३२.९० | ५३१६०.०० | | |
| | | B | १ | ७.५९ | २२७७.०० | | |
| | | C | १० | ३८.८० | ३८८०.०० | | |
| | | जम्मा | १७ | १७९.२९ | ५९३१७.०० | | |
| ४ | खयर | | १२५२ | ४२८५.६९ | ४२८५६९०.०० | | |
| | | जम्मा | **१२५२** | **४२८५.६९** | **४२८५६९०.००** | | |
| ५ | बोटध्याइरो | A | २१ | १११.३७ | ११९३७.०० | | |
| | | जम्मा | **२१** | **१११.३७** | **११९३७.००** | | |
| कुल जम्मा | | | **१५४३** | **८३६२.८९** | **५६३८९०७.००** | | |
| मिश्रीत दाउरा ५.५ चट्टा | | | | | | | |

२) बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मिति: २०८१/०५/१० (ख) समय: कार्यालय समय भित्र

३) बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मिति: २०८१/०५/११ (ख) समय: दिँउसो १:०० बजे सम्म

४) बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको यस श्री **मैनापोखरी सामुदायिक वन उपभोक्ता समूहको** ............................ बैंक शाखा कार्यालय,................ रहेको खाता नं. .................................................. मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकको ६ महिनाको बैंक ग्यारेन्टी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

५) बोलपत्र फाराम प्रति लटको रु. १,०००।- (पछि फिर्ता नहुने गरी) यस श्री **मैनापोखरी सा.व.उ.स.को कार्यालय, घोडाघोडी न.पा. ०८, कैलालीबाट** खरिद तथा दाखिला गर्न सकिनेछ ।

६) लिलाम बढाबढ हुने वन पैदावार घोडाघोडी न.पा.०८ स्थित सा.व.उ.स.को घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

७) लिलाममा भाग लिन ईच्छुक व्यक्ति, कम्पनी वा फर्मका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

८) निर्धारित न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१/०५/११ गते दिनका २:०० बजे साँक्षीहरुको रोहवरमा खोलिने छ ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम, मूल्य अभिबृद्धि कर, संकलन खर्च (कटान मुछान र ढुलान खर्च) छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्ने छ ।

१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

११) बोलपत्र विक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुने छ ।

१२) बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सा.व.उ.स. मा निहित रहनेछ ।

१३) सिलबन्धी खामको बाहिर स्पष्ट रुपमा बोलपत्र दाताको नाम, ठेगाना तथा लट नं. उल्लेख गर्नु पर्ने छ ।

१४) अन्य कुराहरु बुझ्नु परेमा यस समुहमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

१५) माथि उल्लेख भएका बुदाहरु बाहेक छुट हुन गएका बुदाहरुमा प्रचलित कानुन बमोजिम हुने छ ।